**प्रदेश सभा, प्रदेश नं. २**

**छैठौं अधिवेशन**

**बैठक संख्या ५**

**सूचना पत्र २ (बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ साल जेष्ठ २७ गते बिहीवार**

---

प्रदेश सभाको छैठों अधिवेशनको पाँचौं बैठक मा० सभामुख श्री सरोज कुमार यादबको अध्यक्षतामा दिनको ५:५५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम, मा० सभामुखले प्रदेश प्रमुखको कार्यालयबाट मन्त्रिपरिषद् पुनर्गठन सम्बन्धी पत्र सभामा पढेर सुनाउनु भयो

ततपश्चात, मा० सभामुखको अनुमतिले मा० मुख्यमन्त्री श्री लालबाबु राउतले प्रदेश सरकारको आ.व. २०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रम सभामा टेबुल गर्नु भयो ।

त्यसपछि, मा० सभामुखको अनुमतिले मा० श्री शैलेन्द्र कुमार यादबले प्रदेश प्रमुखज्यू प्रति धन्यवादको प्रस्ताव प्रस्तुत गर्नुभयो र मा० श्री बच्चा राउत अहिरले उक्त प्रस्तावको समर्थन गर्नुभयो ।

ततपश्चात, मा० सभामुखले धन्यवादको प्रस्तावलाई निर्णयार्थ सभामा प्रस्तुत गर्नुभयो ।

त्यसपछि, मा० सभामुखले मा० श्री शैलेन्द्र कुमार यादबले प्रस्तुत गर्नुभएको धन्यवादको प्रस्ताव सर्वसहमतबाट स्वीकृत भएको घोषणा गर्नु भयो ।

ततपश्चात प्रदेश सभाको अर्को बैठक मिति २०७८ जेष्ठ २९ गते दिनको १ बजे हुने जानकारी दिनु भयो ।

तद्न्तर प्रदेश सभाको बैठक २०७८ जेष्ठ २९ गते दिनको १ बजेसम्मको लागि स्थगित भयो ।